बैठक नं. २

आ.व. २०८१/०८२

आज मिति २०८१/४/२२ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थितिः

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| २ | सन्दिश लामिछाने | अ. कर्मी | |
| ३ | जयसोर गुराल | क. धोटो | |
| ४ | नरेश गुरुङ | सूचना प्रविधि अधिकृत | |
| ५ | सुमन राज रेग्मी | (ले. अ.) | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |

# दोश्रो कार्यपालिका बैठक

## आ.व.२०८१/०८२

मिति:२०८१/४/२२

समय: दिउसो २:३० बजे

स्थान: नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरु:

१. मध्यविन्दु नगरपालिकाको शव वाहन सञ्चालन कार्यविधि, २०८१ स्वीकृति सम्बन्धमा।

२. आँखा अस्पताल सम्बन्धमा।

३. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि परियोजना प्रस्ताव सम्बन्धमा।

४. हाटबजार व्यवस्थापन सम्बन्धमा।

५. मध्यविन्दु सन्देश पत्रिका प्रकाशन निर्देशिका, २०८१ स्वीकृति सम्बन्धमा।

६. विविध

क. भुक्तानी बाँकी विवरण सम्बन्धमा।

निर्णय:

१. नगरवासीको सुविधाका लागि शव वाहनलाई व्यवस्थित तवरबाट सञ्चालन व्यवस्थापन गर्नका लागि तयार गरिएको मध्यविन्दु नगरपालिकाको शव वाहन सञ्चालन कार्यविधि,२०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

२. यस नगरपालिका भित्र एवम् छिमेकी स्थानीय तह र पाल्पा जिल्लाका पूर्वी भेगका आँखाका विरामीहरुको उपचार गर्नका लागि यस क्षेत्रमा भरपर्दो आँखा अस्पताल नभएकोले यस नगरपालिका अन्तर्गत रहेको नगर अस्पताल परिसरमा साविक चोरमारा प्राथमिक स्वास्थ्य केन्द्रको भवन प्रयोग गर्ने गरी तिलगंगा आँखा प्रतिष्ठानलाई आँखा अस्पताल सञ्चालनको लागि अनुरोध गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८१/०४/१३ मा प्रकाशित सूचना एवम् मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम नगरपालिकाबाट लागत सहभागिता रहने गरी कृषि उद्यमशीलता तथा जैविक खेति परियोजना कार्यान्वयन गर्ने गरी अवधारणा पत्र पठाउने।

४. राजस्व परामर्श समितिको सिफारिस बमोजिम इटौरा हाटबजारको सञ्चालन बिगत देखि जनता मा.वि. मध्यविन्दु, ३ मार्फत गरिरहेकोमा उक्त हाटबजार बाट भएको आम्दानीमा अत्यावस्यक सञ्चालन खर्च घटाई बाँकी रकमको ६० प्रतिशत विद्यालय र ४० प्रतिशत नगरपालिकामा बुझाउने गरी हाटबजार सञ्चालन तथा व्यवस्थापन गर्ने ।

५. नगरपालिकाबाट सम्पादन भएका काम, भए/गरेका गतिविधि, सूचना, तथ्याङ्क, जानकारीलाई व्यवस्थित गर्दै नगरवासी समक्ष पुर्याउने उद्देश्यले तयार गरिएको मध्यविन्दु सन्देश पत्रिका प्रकाशन निर्देशिका, २०८१ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

६. विविध प्रस्ताबहरुमाथि छलफल गरी देहायबमोजिम निर्णय गरियो।

क. आ.व. २०८०/२०८१ मा कार्यान्वयन भई भुक्तानीका लागि पेश भएका तर विविध कारणले भुक्तानी हुन नसकेका देहाय बमोजिमका आयोजनाहरुको विवरण प्रमाणित गरियो।

| क्र.सं. | कार्यक्रमको नाम | भुक्तानी पाउनेको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | १५ वेडको नगर अस्पताल | ह्याबिटाट देवचुलि जे.भि. | ५०,२४१,९५८।३२ | तेस्रो विलको आशिंक भुक्तानी भएको, चौथो, पाँचौं, र छैठौं विल बाँकी |
| २. | गैरि टोल पुजारा टोल हुँदै सेतापानी जाने सडक कालोपत्रे | टृष्टि भुसाल जे.भि. | ७७२,७४०।- | |
| ३. | फोहोरमैला व्यवस्थापन केन्द्र निर तटबन्ध | सन्जय नारायण मामा जे.भि. | २,५६६,०६७।- | |
| ४. | गिरुवारी करिडोर निर्माण | नारायण रवि जे.भि. | २१२,३५३।- | |
| ५. | महिला स्वास्थ्य स्वयंसेविकालाई बैठक यातायात खर्च | स्वयंसेविकाहरु | ६७२,०००।- | |
| ६. | जेनेरेटर खरिद | जगदम्बा कन्सट्रक्सन सोलुसन प्रा.लि. | १,५४२,०००।- | |
| ७. | मृगौला प्रत्यारोपण गरेका ,डायलायसिस गराईरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुको औषधि उपचार खर्च | विरामीहरु | ३,६१०,०००।- | |
| ८. | सगुन मार्ग .वि.नवजागरण मा , देखि पुरानो वस्ती सडक स्तरोन्नती | घिमिरे निर्माण सेवा | ३,८२०,१७९।४३ | |
| ९. | राइनो रङ्गशाला | राइनो बहुउद्येशीय रङ्गशाला उपभोक्ता समिति | १६०,०००।- | |